मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

बुद्धशान्तिका यी युवा जसले बनाउँदैछन् बाँसका भाँडाः पृष्ठ ६मा



◆ वर्ष : २६ ◆ अङ्क : २२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर २४ गते बुधवार (Wednesday, December 9. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## सगरमाथाको उचाइ ८८४८.८६ मिटर



**काठमाडौं, मंसीर २३।** सगरमाथाको उचाइ ८६ सेन्टिमिटरले वृद्धि भएको छ।

नेपाल र चीन सरकारले मंगलवार संयुक्त रुपमा सर्वोच्च शिखर सगरमाथाको उचाइ वृद्धि भएको घोषणा गरेका हुन्। अब सगरमाथाको उचाइ आठ हजार ८८४८.८६ मिटर कायम भएको छ।

नेपालले पहिलोपटक आफ्नै स्रोतसाधनले सगरमाथाको उचाइ मापन गरेको हो। नेपालले करीब दुई वर्ष लगाएर उचाइ मापन गरेको थियो। गत वर्ष चीनका राष्ट्रपति सी चीनफिङको नेपाल भ्रमणका क्रममा दुवै देशले मिलेर सगरमाथाको उचाइ घोषणा गर्ने सम्झौता गरेका थिए।

नेपाल र चीनका सर्भे अधिकारीले छुट्टाछुट्टै गरेको सर्वेक्षणको संयुक्त रूपमा प्रशोधन गरी अन्तिम रूप दिएको भनिएको सगरमाथाको उचाइलाई अनुमोदन गर्ने निर्णय नेपालको मन्त्रिपरिषद्को मंसीर १० गतेको बैठकले गरेको थियो।

बेइजिङ र काठमाडौंमा एकसाथ कार्यक्रम गरेर उचाइ सार्वजनिक गरिएको हो। नेपालका तर्फबाट उक्त समारोहमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल, परराष्ट्र मन्त्रालय तथा नापी विभागका उच्च अधिकारीहरू सहभागी थिए।

बेइजिङमा आयोजित समारोहमा चिनीयाँ विदेशमन्त्री वाङ यीसहित त्यहाँको नापी हेर्ने निकायका उच्च अधिकारीहरू उपस्थित थिए।

# सहाराः देशकै ठूलो र उत्कृष्ट

**तुलसीप्रसाद निरौला/बिनोद पाण्डे**

**बिर्तामोड, मंसीर २३।** झापाको बिर्तामोड-२मा मुख्य कार्यालय रहेको सहारा नेपाल (साकोस) लि. मुलुककै ठूलो र उत्कृष्ट सहकारी संस्था बनेको छ।

आर्थिक कारोबार र सदस्य संख्याको हिसाबले सहारा देशकै ठूलो र उत्कृष्ट बनेको बताइएको छ। 'कोरोना महामारीको प्रतिकूल समयमा पनि यस बर्ष संस्थाको वित्तीय अवस्था १० अर्बमाथि पुगेको छ'- संस्थाका सचिव तथा कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले भने- 'यो अवस्थालाई अझ मजबुत बनाउन २०८० सालभित्र २५ अर्बको वासलात बनाउने लक्ष्य तय गरिएको छ।'

२४औं बार्षिक साधारणसभाको पूर्वसन्ध्यामा मंगलवार पत्रकार भेटघाटमाझ संस्थाको प्रगति प्रतिवेदन सार्वजनिक गरिएको थियो। त्यस अवसरमा सचिव गिरीले ०७७ असारमसान्तसम्म संस्थाको शेयर सदस्य संख्या एक लाख ४३ हजार नौ सय ८३ पुगेको जानकारी दिए।

प्रदेश १को ६ जिल्लाका ७० स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सहाराले यसैबर्ष थप ५ जिल्लामा सेवा विस्तार गर्ने तयारी गरेको छ। ताप्लेजुङ, तेह्रथुम, धनकुटा, खोटाङ र ओखलढुंगामा सेवा विस्तारको योजना बनाइएको संस्थाका कार्यवाहक अध्यक्ष हरिप्रसाद निरौलाले जानकारी दिए।

संस्थाले यसअघि झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर र उदयपुरमा सेवा प्रवाह गरिरहेको छ। संस्थाले आफ्नो २४औं बार्षिक साधारणसभा अधिकतम् १०० जनाको सहभागितामा सञ्चारमाध्यममा प्रत्यक्ष प्रशारणसहित गर्न लागेको कार्यक्रममा जानकारी दिइयो। यसअघि क्षेत्रगत रुपमा सभाहरु सम्पन्न भएका थिए।

संस्थाको शेयरपुँजी एक अर्ब ३४ करोड ९१ लाख, जगेडा तथा अन्य कोष एक अर्ब २१ करोड ५८ लाख, बचत ६ अर्ब १० करोड ९४ लाख, भौतिक सम्पत्ति ३४ करोड ५१ लाख र बाह्य ऋण ९८ करोड ९९ लाख रुपैयाँ रहेको बताइएको छ। अहिलेको जटिल परिस्थितिमा पनि संस्थाले २५ करोड नौ लाख खुद मुनाफा गरेको सचिव गिरीले जानकारी दिए।



संस्थाले कोरोना प्रभावलाई कम गर्न सदस्यहरुले ऋणको साँवाको किस्ता तिर्न नसकेको अवस्थामा कुनै पनि हर्जना जरिवाना नलिएको र ०७७ असारमसान्तसम्म ऋणको पाकेको व्याजमा १० प्रतिशतले हुन आउने तीन करोड ४५ लाख रुपैयाँ छुट दिएको जनाएको छ। उक्त अवधिमा विपद् सापटी वापत प्रतिसदस्य ५ हजार रुपैयाँ दिने नीति अनुरुप दुई करोड ६८ लाख २३ हजार रुपैयाँ प्रदान गरिएको बताइएको छ। संस्थाले प्रधानमन्त्री राहत कोष, प्रदेश सरकार र ७० वटा पालिकालाई लकडाउनको बेला खाद्यान्न सहयोग पुऱ्याउन ५७ लाख ३५ हजार दुई सय ५८ रुपैयाँ उपलब्ध गराएको थियो। संस्थाले यस बर्षको राष्ट्रिय व्यक्तित्व सम्मान एक लाख एक हजार नगदसहित केशव बडाललाई प्रदान गर्ने जनाएको छ।

संस्थाले आगामी बर्षका लागि विभिन्न महत्वाकांक्षी योजना समेत अघि सारेको छ। वित्तीय तथा गैह्रवित्तीय १६ वटा शीर्षकमा ६८ वटा कार्यक्रम प्रस्ताव गरिएको सचिव गिरीले जानकारी दिए।

संस्थाले कोभिड सहायता कार्यक्रम अन्तर्गत शेयर सदस्य संक्रमित भई घरमै वा आइसोलेसनमा बस्नुपर्ने अवस्था आए १४ दिनसम्म दैनिक पाँच सय रुपैयाँ भत्ता उपलब्ध गराउने प्रस्ताव गरेको छ। सदस्यहरु अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था आएमा तीन लाखसम्म सहयोग गर्ने तथा संक्रमणको दर बढ्दै गए संस्थाले २५ बेडको आइसोलेशन सेन्टर राख्न पहल गरिने लगायतका प्रस्ताव गरेको छ। संस्थाले बचत तथा ऋणको व्याजदर समेत घटाएको छ।

बैंकिङतर्फ ११-१३ प्रतिशत र लघुवित्ततर्फ अधिकांश ऋणको व्याज १४.७५ प्रतिशत कायम गरिएको सचिव गिरीले बताए। बचतमा दिइने व्याजमा पनि ६-१०.५% कायम गरिएको संस्थाका उपनिर्देशक लक्ष्मण खतिवडाले जानकारी दिए।

संस्थाका उपाध्यक्ष उपेन्द्र ओलीको अध्यक्षतामा भएको पत्रकार भेटघाटमा महिला उपाध्यक्ष पवित्रा सुब्बाले स्वागत गरेकी थिइन्। सहसचिव ज्ञानुनाथ मैनालीले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सहायक निर्देशक दिनेशबहादुर निरौलाले गरेका थिए।

## प्रधानाध्यापकको हत्या



**मोरङ, मंसीर २३।** नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले मिक्लाजुङ गाउँपालिका-१ बर्खे बस्ने सोही ठाउँस्थित सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक राजेन्द्र श्रेष्ठको मंगलबार बिहान घाँटी रेटी हत्या गरेका छन्।

चन्दा नदिएको भन्दै विप्लव नेतृत्वको माओवादी कार्यकर्ताले उनको हत्या गरेको घटनाको पार्टीले जिम्मा लिएको छ। पार्टीकातर्फबाट विज्ञप्ति जारी गर्दै घटनाको जिम्मेवारी लिएको बताइएको छ। पाँच जनाको संख्यामा आएका अपरिचित व्यक्तिहरुले प्रधानाध्यापक श्रेष्ठलाई अपहरण गरी सोही गाउँपालिका-१ बर्खे गाउँस्थित जंगलमा लगेर हत्या गरेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ समेतबाट प्रहरी उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बर्खे गाउँदेखि करिब ६ सय मिटर टाढा जंगलमा दुवै हात बाँधी अगाडिबाट घाँटी रेटेर हत्या भएको अवस्थामा उनको शव फेला पारेको हो।

## सिंगापुर पठाइदिन्छु भन्दै ठगी गर्दा...

**धरान, मंसीर २३।** सिंगापुर पठाइदिन्छु भन्दै नगद ३ लाख ३१ हजार ९ सय रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं-९ सिनामंगल बस्ने सुनसरी धरान-४ बुद्धचोक घर भएका जनोज लामिछाने भन्ने २७ वर्षीय विशाल दर्जीलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

उनले १ जना महिलालाई सिंगापुर पठाइदिन्छु भन्दै ठगी गरी सम्पर्कविहीन भएको जानकारी प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित एयरपोर्टबाट पक्राउ गरेको हो।

उनलाई आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ।

## सिटी हलमा बालिका करणी गर्ने पक्राउ

**उदयपुर, मंसीर २३।** ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलका नगरपालिका-९ बस्ने ६३ वर्षीय सूर्य पोखरेललाई प्रहरीले पक्राउ गरेको छ।

सूर्यले ती बालिकालाई सोही ठाउँस्थित सिटी हलमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## भ्रामक सन्देश फैलाउने तीन जना पक्राउ

**काठमाडौं, मंसीर २३।** सूचना प्रणालीमा अनधिकृत पहुँच बनाई भ्रामक सन्देश फैलाउने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा ललितपुर महालक्ष्मी नगरपालिका-९ सानागाउँ बस्ने २५ वर्षीय विवेक महर्जन, कास्की पोखरा महानगरपालिका बस्ने १७ वर्षीय किशोर र सोही ठाउँ बस्ने १५ वर्षीय किशोर रहेका छन्।

अनाधिकृत रुपमा पहुँच बनाई प्रचलित ऐन कानून विपरीतका कार्यहरु हुने गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटी काठमाडौंबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा अनधिकृत रुपमा सरकारी सूचना प्रवाहका आधिकारिक विद्युतीय माध्यममा अनधिकृत पहुँच पुऱ्याई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत कसूर गरेको खुलेपश्चात उनीहरुलाई जिल्ला प्रहरी कार्यालय कास्की समेतको सहयोगमा पक्राउ गरिएको हो।

## वनस्पति प्रशोधन केन्द्रको उद्घाटन



**मेचीनगर, मंसीर २३।** प्रदेश नम्बर १का आन्तरिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले संघीय लोकतान्त्रिक गणतन्त्रको उदयसँगै नेपालको सहकारी क्षेत्रले निक्कै ठूलो फड्को मारेको बताएका छन्।

मंगलबार झापाको मेचीनगरमा रहेको महेन्द्रद्वार सहकारी संस्था लिमिटेडको ३१औं वार्षिक साधारण सभा तथा औषधिजन्य वनस्पति प्रशोधन केन्द्रको समुद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री आङ्बोले उक्त कुरा बताएका हुन्।

प्रदेश नम्बर १का कृषि भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री रामबहादुर राना मगरले प्रदेश सरकारको अनुदान सहयोगमा मेचीनगरमा तेजपत्ताको तेल उत्पादन गर्ने उद्योग स्थापना भएको उल्लेख गर्दैं आफ्नो मन्त्रालयको ७५ लाख अनुदान सहयोगमा उद्योग स्थापना गरिएको जानकारी गराए।

कार्यक्रममा काँकरभिट्टा बचत चता ऋण सहकारी संस्थाका अध्यक्ष भूपाल शिवाकोटी, नेपाल पत्रकार महासंघ झापा शाखाका सचिव सन्तोष आचार्य, मेची उद्योग बाणिज्य संघका महिला उपाध्यक्ष बीना तामाङ लगायतले बोलेका थिए।

संस्थाका अध्यक्ष राजु दाहालले कार्यक्रमको अध्यक्षता गर्दै सञ्चालक समितिकोतर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। संस्थाका उपाध्यक्ष पुष्कलकुमार बस्नेतले शब्द र प्राप्तिका निरौलासहितको समूहले नृत्यबाट गरेको उद्घाटन सत्रको सञ्चालन सल्लाहकार समिति सदस्य डिल्लीराम घिमिरेले गरेका थिए।

# भ्रष्टाचारबिरुद्धका अभियन्तालाई सलाम !

**सुयोग ढकाल**

हरेक वर्षको डिसेम्बर ९मा संसारभरि भ्रष्टाचार विरुद्धको आवाजलाई वुलन्द पार्न भ्रष्टाचारविरुद्धको दिवस मनाइने गरिन्छ। सन् २००३मा संयुक्त राष्ट्रसंघको महासभाले आजको दिनलाई भ्रष्टाचारविरुद्धको दिवसका रुपमा मान्यता दिएको हो।

आजको दिन संसारभरि भ्रष्टाचार प्रतिको चेतनामा वृद्धि गराउन र जागरण बढाउने कार्यमा केन्द्रित गरिन्छ। मानवता, नैतिकता अनि लालसाबिनाको साधारण जीवनशैलीको महत्व जगाउन सकेमा भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ। अर्कोतर्फ भ्रष्टाचारीहरुलाई कारवाही गरेर उदहारण कायम गर्न सकेमा आगामी दिनमा भ्रष्टाचारलाई न्यून गर्दै समूल विकासको बाटोतर्फ अघि बढ्न सकिन्छ। नेपालमा कुनै पनि संस्था या राज्यका विभिन्न अङ्गमा रही पदमा रहेका व्यक्तिहरुले आफ्नो अधिकारको दुरुपयोग गरेमा कारवाही गर्न संवैधानिक निकायका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन गरिएको छ।

*हातका मैला सुनका थैला, के गर्नु धनले*
*साग र सिस्नो खाएको वेस, आनन्दी मनले*

महाकविका यी हरफ आज पनि उत्तिकै सार्थक छ। जीवनको मूलभूत उद्देश्य भनेको साधारण जीवनशैली र असाधारण र विलक्षण विचारहरु र उदाहरणहरुको सृजना हो। सोक्रेटस्, महाकवि लक्ष्मीप्रसाद देवकोटा, रुमी, गौतम बुद्ध अनि नेल्सन मण्डेलाहरुलाई उनीहरुले कमाएको धन नभई उनीहरुको व्यक्तित्व, विचार अनि समाज परिवर्तनका आधारहरु खडा गरेकाले मात्र हामीले चिनेका हौं र श्रृष्टि रहुञ्जेल पुस्तौं पुस्ताकाबीच उनीहरु जीवित रहनेछन्।

पैसा अनि सुखी जीवनशैली लगायत निरन्तरका नव सपनाहरुले हामी ग्रसित नभईकन् सुखी र आफ्नो पसिनाको कमाईले बाँच्न सिक्न जरुरी छ। सरकारलाई कर तिर्न र त्यसको पैरवी गर्नु पनि हाम्रो अधिकार र दायित्व हो।

### आज भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस

भ्रष्टाचारमार्फत सम्पत्ति कमाउनु छोटो उन्नतिको बाटो त होला तर ठगेर, झुठो वालेर अनि संसारलाई पिरोलेर कमाएको अझ भनौ लुटेको सम्पत्ति एउटा दुर्भाग्यदायी अपुताली भन्दा पनि नराम्रो कुरा हो। यस्तो सम्पत्तिले पुस्तौ पुस्ता पिरोल्छ।

भ्रष्टाचार आजभोलि संसारभरि एउटा साझा समस्याका रुपमा बढिरहेको छ। भ्रष्टाचार एउटा सामाजिक चुनौति हो, जसको प्रभावले आर्थिक, राजनीतिक अनि वैचारिक पृष्ठभूमिलाई नकारात्मक असर पार्ने गर्दछ। मान्छेहरुमा बढ्दो धन कमाउने लालसा, नैतिकतामा कमी, गैरकानूनी र छोटा कमाउने बाटाहरु अपनाउने चलनले भ्रष्टाचारले संसारभरी जरा गाडेको छ। यसले आर्थिक उन्नतिलाई धराशायी बनाउँछ र शासन व्यवस्थालाई कमजोर तुल्याउँछ।

हामी आफैंले कर तिरेर खडा गरेका सरकारी संयन्त्रहरु अनि त्यसैबाट तलब खाने कर्मचारीहरुले नै सहज कार्यका लागि पनि घुमाउरो गरी दुःख दिने गर्दा, उनीहरुले

*(बाँकी अन्तिम पृष्ठमा)*

## पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

# बुद्धशान्तिका यी युवा जसले बनाउँदैछन् बाँसका भाँडा



झापाको बुद्धशान्ति-१ होक्सेमा बाँसको भाँडा बनाउने उद्योग सञ्चालनमा आएको छ।

कोरोनाका कारण जब देशमा लकडाउन शुरु भयो त्यसपछि रोजगारीका बाटोहरु बन्द हुँदै जान थाले पनि स्थानीय तीनजना युवाको नयाँ सोच र योजनामा शुरु भएको उद्योग नेपालमै नौलो र पहिलो उद्योग भएको उद्योगका सञ्चालकहरुले दावी गरेका छन्। भारत, भियतनाम, थाइलेण्ड, कोरिया र चाइनामा अत्यधिक उत्पादन अनि प्रयोग हुने बाँसका भाँडाकुँडाहरु नेपालीहरुको लागि साँच्चै नै नौलो र मनपर्दो लाग्ने खालका छन्।

बुद्धशान्तिका गोकुल पौडेल, मनोज प्रसाई र रोशन भट्टराईको संयुक्त लगानीमा उद्योग सञ्चालनमा ल्याइएको हो। नेपालमा अन्य मुलुकमा बनेर आयात गरिएका प्लास्टिक, स्टिल र सिसाका भाँडाभन्दा निकै आकर्षक र किफायती देखिने सामग्रीहरु यतिवेला झापामा उपहारको रुपमा आदानप्रदान गर्ने चलन पनि शुरु भएको छ।

पर्यावरण र मानस स्वास्थ्य जोगाउन मद्दत पुग्ने, स्वदेशमै कच्चा पदार्थ पाइने भएकोले सामग्री उत्पादनलाई निरन्तरता दिन सकिने भएकोले यो उद्योग सञ्चालन गर्नतर्फ आफूहरु आकर्षित भएको सञ्चालक सदस्य गोकुल पौडेलले बताए।

उद्योगका लागि पहिलो आवश्यक कच्चा पदार्थ भनेको बाँस हो। बाँस पनि सामान्य रुपमा पाइने खालको भने होइन। करिव ८देखि १० बर्ष पुरानो बाँस प्रयोगमा ल्याइने गरिएको छ, जसका लागि छिमेकी जिल्ला इलामका रोङ गाउँपालिका र सूर्योदय नगरपालिकाका बिकट क्षेत्रहरुबाट संकलन गरेर बाँस ल्याउने गरेको बताइएको छ।

भारतको सिक्किम राज्यमा प्रदेश सरकारले नै यस्तो उद्योगलाई प्रोत्साहन गरेर सञ्चालनमा ल्याएको छ। त्यहाँ पुग्ने पर्यटकहरुले निकै उत्साहित बनेर खरिद गर्ने गरेको र नेपालमा तयारी भइरहेको छ। सँगसँगै दक्ष प्राविधिक तयार पार्ने काम पनि भइरहेको छ। यसका लागि हाल नौ जना स्थानीयले तालिम लिइरहेका छन्। निकट दिनमै २५ जना प्राविधिक तयार पार्ने लक्ष्य रहेको बताइएको छ।

यस उद्योगबाट उत्पादन हुने सामग्री सामान्य वर्गको पहुँचमा भने हुन नसक्ने देखिएको छ। ठूला-ठूला महलका व्यक्ति, स्टार होटल र बार रेस्टुरेन्टका ग्राहकलाई आकर्षित गराउन यी बाँसका भाँडा प्रयोगमा आउने देखिन्छ। उद्योगबाट हाल चिया कप, पानी खाने बोटल, वियर तथा वाइन कप, थर्मस, जग, बोटुका, ट्रे, काँटा चम्चाहरु उत्पादन भइरहेको छ। यी उत्पादनमध्ये चिया कप र वाइन कपको माग धेरै रहेको बताइएको छ। मूल्यको हिसावले सरदर एक दर्जन कपको तीन हजार पर्ने सञ्चालक मनोज प्रसाईले बताए।

प्रयोगको हिसाबले महंगो भए पनि टिकाउ, कलाकारितालाई हेर्दा मूल्य खासै महंगो होइन, पनि प्रयोगकर्ताको संख्या क्रमशः बढ्दै जाने अपेक्षा राखेर अन्य मुलुकमा पनि निर्यात गर्ने लक्ष्यका साथ उद्योग सञ्चालनमा ल्याइएको अर्का सञ्चालक रोशन भट्टराईले बताए।



तीन युवाले उद्योगका लागि ३० लाखसम्म लगानी पुर्याउने बताएका छन्। पहिलो चरणमा १० लाख बराबरको बाँस र मेसिन खरिद गरेर प्रारम्भिक रुपमा उद्योग सञ्चालन गरिएको छ। क्रमशः कम्तीमा एक कठ्ठा क्षेत्रफलमा ट्रस्ट बनाउने निरन्तर प्रयोग गर्दा कम्तीमा दुई बर्षदेखि ५ बर्ष सम्म टिक्न सक्ने र सामान्य रुपमा खस्दा नफुटने भएकाले सिसाको तुलनामा सस्तो भएको प्राविधिक कर्ण राई बताउँछन्। उनी भन्छन्- जति धेरै प्रयोग गर्‍यो, त्यतिनै यि भाँडाहरु चम्किला बन्दै जान्छन्। माझ्न पनि कुनै फरक तरिका अपनाउनुपर्दैन, अन्य भाँडा जसरी माझिन्छ त्यसैगरी माझ्न सकिन्छ- उनले भने।

**शब्द/चित्रः विनोद पाण्डे**

# मुखियालाई सहारा सहकारी पत्रकारिता पुरस्कार



**बिर्तामोड, मंसीर २३।** नेपाल पत्रकार महासंघ झापाका सहसचिव एवम् नेपाल टेलिभिजनका झापा संवाददाता इन्द्रजित मुखियालाई यस वर्षको सहारा सहकारी पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ।

अढाई दशक अघिबाट टेलिभिजन पत्रकारिता शुरु गरेका पत्रकार मुखियाले आफ्नो संस्था बाहेक पहिलो पुरस्कार पाउने भएका हुन्। नेपाल टेलिभिजनले साहसिक पत्रकारिता र उत्कृष्ट जिल्ला संवाददाताको रुपमा पुरस्कृत गरिसकेको छ।

पत्रकारितामा इमान्दारिता र लगनशिलता नै सफलताको आधार हो ठान्ने मुखियाले आफ्नो संस्था बाहिर पहिलोपटक पुरस्कृत हुन लागेकोमा आफ्नो कामको मूल्यांकन समाजले पनि गर्दो रहेछ भन्ने आभाष भएको बताएका छन्।

संस्थाको कार्यालय चारपानेमा मंगलबार आयोजित २४औं बार्षिक साधारणसभाको प्रतिवेदन सार्वजनिक कार्यक्रममा सहारा सहकारी पत्रकारिता पुरस्कार मुखियालाई प्रदान गरिने र संस्था स्थापनामा योगदान पुर्‍याउने व्यक्तिहरुलाई समेत सम्मान गरिने सहारा नेपाल साकोसका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले जानकारी दिए। सहकारीले मंसीर २७ गते शनिबार साधारणसभा गर्ने बताइएको छ।

# पत्रकार केशवलाई पत्नीशोक



बिर्तामोड, मंसीर २३। नेपाल पत्रकार महासंघ झापाका संस्थापक सदस्य एवम् पूर्वाञ्चल दैनिकका स्तम्भकार रहेका केशव धितालला‍ई पत्नी शोक परेको छ।

धितालकी पत्नी रुक्मिणीको मंगलवार बिहान निधन भएको हो। झापाका पुराना पुस्तक व्यवसायी तथा बिर्तामोडमा ऋषि पुस्तक भण्डारका सञ्चालक समेत रहेका धिताल पछिल्लो समय दमक नगरपालिका वडा नं. ९मा स्थायी रुपमा बसोबास गर्दै आएका छन्। वि.सं. २०१५ मंसीर २२ गते खोटाङको धारापानीमा तुलसा र रत्नप्रसाद रिजालकी छोरीका रुपमा जन्मिएकी रुक्मिणी मधुमेह र मृगौला रोगबाट पीडित थिइन्।

मृगौलामा आएको खराबीका कारण डायलासिस गराउँदै आएकी रुक्मिणी धरमपुरस्थित हिमालय आधारभूत विद्यालयको शिक्षकबाट यही मंसीर १६ गते सेवा निबृत्त भएकी थिइन्।

भारत बनारसलाई कर्मक्षेत्र बनाएका प्रशिद्ध प्रकाशक तथा पुस्तक व्यवसायी टिकादत्त धितालका दुई पुत्रमध्ये जेठा केशव पछिल्लो समय ज्योतिषशास्त्रको अध्ययन गरी त्यसकै माध्यमबाट समाजसेवामा संलग्न छन्। पूर्वाञ्चल दैनिक परिवार गतात्माप्रति श्रद्धाञ्जलि प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछ।

# एनफाको स्वास्थ्य संयोजकमा खड्गी

युद्धबहादुर बोहोरा

**इलाम, मंसीर २३।** अखिल नेपाल फुटबल संघ (एन्फा) को स्वास्थ्य समिति संयोजक पदमा निरोज खड्गी चयन भएका छन्।

संघको गत जेठ १९ गतेको केन्द्रीय कार्यसमितिको भर्चुअल बैठकको निर्णय अनुसार उनलाई कार्यसमितिको बाँकी कार्यकालको लागि संयोजक पदमा मनोनयन गरिएको हो। उक्त पदमा खड्गी मनोनयन भएसँगै नेपालको फुटबल खेलको



विकास र विस्तारमा उनको महत्वपूर्ण योगदान हुने विश्वास सहित शुभकामना व्यक्त गरिएको पत्रमा उल्लेख छ।

इलाम नगरपालिका-७ स्थानीय घर भएका उनी डेढ दशकदेखि जिल्लाको फुटबल खेलको विकास गर्दै यस क्षेत्रमा प्रवेश गरेका हुन्। हाल उनी संघका केन्द्रीय सदस्य छन्।

अन्तर्राष्ट्रिय अन्डर सिक्सिटन फुटबल प्रतियोगितामा म्यानेजरको रूपमा जोर्डन, मलेशिया, भारत, दक्षिण कोरिया लगायतका मुलुकमा उनले प्रतिनिधिको भूमिका निर्वाह गरिसकेका छन्। दुई बर्ष अघि एन्फाको केन्द्रीय सदस्य बनेका उनले संघको युथ कमिटी सहसंयोजक समेत सम्हालेका छन्।

## भ्रष्टाचारविरुद्धका ...

सामान्य कार्यको दुःखदायी परिभाषा दिँदा राज्यप्रति अनि आफूले तिरेको करप्रति धिक्कार लाग्नू स्वभाविक हो। वास्तवमा सुशासन भनेको पारदर्शिता नै हो। भ्रष्टाचारले पारदर्शिताको कमी गराउँछ अनि प्रजातन्त्रप्रतिको विश्वासको धरातललाई धमिल्याइदिन्छ। हामीले चुनेर पठाएका प्रतिनिधिहरुले नै संसदमा गएर राज्यकोष अनि सुविधाको बढ्दो दुरुपयोग र भ्रष्टाचार गर्नाले आम जनताको चुनाव र संसदीय व्यवस्थाप्रति अविश्वास र वितृष्णा बढ्दै नजाओस्।

नेपालको संविधान २०७२को भाग २१ अन्तर्गत धारा २३८मा आयोगको गठन सम्वन्धी व्यवस्था गरिएको छ भने धारा २३९मा आयोगको काम, कर्तव्य र अधिकारबारे व्यवस्था गरिएको छ। संविधानमा भएको व्यवस्था बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको उजुरी आएमा वा अनुसन्धानको क्रममा भेटिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

कानूनले गरेका प्रावधानभन्दा पनि हामीभित्र रहेको सोचाइ भ्रष्टाचारविरुद्ध अगाडि बढ्नका लागि जरुरी छ। मान्छेलाई उसले बनाएका घर, चढ्ने गाडी, लगाउने कपडा भन्दा पनि उसको गुण, नैतिकता र शिक्षाका आधारमा मूल्याङ्कन गर्ने परिपाटी बसाउन जरुरी छ। स्वतन्त्र, सभ्य, समान अनि भ्रष्टाचारमुक्त पारदर्शी समाजको शुभकामना।

भ्रष्टाचारबिरूद्धको अभियानमा लागेका अभियन्ताहरूलाई सलाम, यसबिरूद्ध हामी सबै अघि बढौं, घुसखोरी र भ्रष्टाचारको जडलाई जरैदेखि उखेल्न हातेमालो गरौं।

# एटिएम तोडफोड गर्ने दुई जना पक्राउ

**झापा, मंसीर २३।** नेपालगञ्ज उपमहानगरपालिका-१८ कारकाँदोस्थित माछापुच्छ्रे बैंकको एटिएम बुथमा तोडफोड गरिरहेको अवस्थामा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा भारत रुपैडिया बाबागञ्ज बस्ने २१ वर्षीय मोबिन अली र सोही ठाउँ बस्ने २१ वर्षीय सलवान अली रहेका छन्।

केही मानिसहरुले एटिएम मेशिनमा चोरी गर्न लागेको भन्ने सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त एटिएम बुथ तोडफोड गरी भाग्न लागेको अबस्थामा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरु उपर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।


## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

प्रकाशित मितिः २०७७/०८/२४

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७।०७।०३ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावमध्ये निम्न प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्ताव दाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ।

तपसिल :

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT &PS NRs |
|---|---|---|---|---|
| 1 | AM/NCB/WORKS/06-077/78 | Maintenance Of Blacktop Road, Arjundhara-6 and 9 | Matribhumi Nirman Sewa and Suppliers Birtamode, Jhapa, Province No.1, Nepal | 8,449,001.01 |
| 2 | AM/NCB/WORKS/05-077/78 | Maintenance of Blacktop Road,Arjundhara-7,8,10 and 11 | Anupama C.T. Construction Pvt. Ltd. | 73,47,037.41 |

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियारको नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने श्री निशा नेपालीले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल
१) पूर्वतर्फ बाटो
२) पश्चिमतर्फ श्री पवित्रा भुजेल
३) उत्तर तर्फ श्री अस्मिता कार्की
४) दक्षिणतर्फ श्री योगमाया राउत

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता नं. | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | २५५७, ७७९९ | ०-०-८ | २३४१ | २०७७।०८।२१ | २०७७।०८।२४ |

## श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापाको

### १३औं बार्षिक साधारणसभा तथा प्रथम एकीकृत तथा निर्वाचनीय साधारणसभा

निर्वाचन कार्यक्रम

| क्र.सं. | मिति | निर्वाचन कार्यक्रम | समयदेखि | समयसम्म |
|---|---|---|---|---|
| १ | २०७७।०८।२७ | मतदाता नामावली प्रकाशन | ०१:०० | ०१:३० |
| २ | २०७७।०८।२७ | मतदाता नामावली सच्याउन | ०१:३० | ०२:०० |
| ३ | २०७७।०८।२७ | मतदाता नामावली उपर दावी विरोध | ०२:०० | ०३:०० |
| ४ | २०७७।०८।२७ | मतदाता अन्तिम नामावली प्रकाशन | ०३:०० | ०४:०० |
| ५ | २०७७।०८।२८ | उम्मेदवारको उम्मेदवारी मनोनयन | ११:०० | ०१:०० |
| ६ | २०७७।०८।२८ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | ०१:०० | ०१:३० |
| ७ | २०७७।०८।२८ | उम्मेदवारको उम्मेदवारी फिर्ता | ०१:३० | ०२:३० |
| ८ | २०७७।०८।२८ | दोस्रो उम्मेदवारको नामावली प्रकाशन | २:३० | २:४५ |
| ९ | २०७७।०८।२८ | उम्मेदवार उपर दावी विरोध | २:४५ | ३:०० |
| १० | २०७७।०८।२८ | उम्मदेवार उपर छानविन | ३:०० | ३:३० |
| ११ | २०७७।०८।२८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | ३:३० | ३:४५ |
| १२ | २०७७।०८।२८ | मतदान | | |
| १३ | २०७७।०८।२८ | मतगणना | | |
| १४ | २०७७।०८।२८ | परिणम घोषणा | | |

माथि उल्लेखित सम्पूर्ण कार्यहरु संस्थाको भवन रहेको केन्द्रीय कार्यालय बिर्तामोडबाट हुनेछ। १२, १३, १४का कार्यहरुको बारेमा पछि सूचनामा उल्लेख गरिनेछ।

निर्वाचन समिति
सदस्य सचिव नामः **बोलप्रसाद कोइराला**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

**पूर्वाञ्चल**

**सम्पादकीय**

# कुसंगतबाट जोगाऔं

**किशोरावस्थामा अभिभावकको निगरानी नहुँदा उनीहरु कुलतमा फस्दै गएको प्रहरी अनुसन्धानले देखाएको छ । इलाका प्रहरी कार्यालय अनारमनीले लागूऔषधको कारोबार तथा दुर्व्यसन रोक्न सञ्चालन गरेको अभियानका क्रममा यस्तो खुलेको जनाएको हो । इप्रका अनारमनीले अनुसन्धानको क्रममा अठारदेखि चालीस वर्षसम्मका युवा सर्वाधिक संख्यामा कुबाटोमा हिंड्दै गएको पाइएको जनाएको हो । परिवारका अभिभावकहरु मध्ये बुबा अथवा आमा र कतै दुबैजना वैदेशिक रोजगारीमा गएका र संरक्षणविहीन उनीहरुका सन्तान गलत संगतका कारण दुर्व्यसनको दलदलमा भासिँदै गएको यस क्षेत्रमा काम गर्ने संस्थाहरुको पनि निष्कर्ष छ । इप्रका अनारमनीको अनुसन्धान र प्राप्ति प्रतिनिधिमूलक निष्कर्ष नहुन सक्छ तर शहर तथा शहरउन्मुख क्षेत्रका किशोर तथा युवाहरुमा यस्तै अवस्था देखिएको छ । यसैले आमा–बाबुलाई उज्ज्वल भविष्य र सुखद् सपना पूरा गर्न विदेश जानै पर्छ भन्ने मानसिकता हटाउन मद्दत गर्नुपर्छ ।**

**भौतिक विकासको उपयोग गर्ने चाहना स्वभाविक हो । मानव जाति वस्तु तथा सेवाको पूर्ण उपभोग गर्न सधैं लालायित रहन्छ । त्यसैले सर्वश्रेष्ठ भनिएको हो प्राणी जाति मध्ये । मानव जातिमा रहेको यो चाहनाले नयाँ वस्तुको खोज गर्न प्रेरित पनि गरेको छ । त्यसकै परिणाम हो कि अनेक खोज, आविष्कार र अनुसन्धान भएका छन् । यही इच्छाको उत्कर्षले होला मानव जाति विलाशी जीवन बिताउन चाहन्छ र विलाशीतापूर्ण वस्तुको उपभोगमा प्रतिस्पर्धा गर्छ । आदिमकालका मानव जातिले समयान्तरमा खोजी गर्दै सभ्यतालाई उचाइमा पुऱ्याएका पनि हुन् । उत्कर्ष अर्थात् चुलीमा पुगेपछि जाने ठाउँ टुंगिन्छ र यात्रा कि रोकिन्छ कि त पछि फर्किनु पर्छ । एक ठाउँमा स्थिर बस्न नसक्ने मानव फिर्ता हुन्छ, शायद यो पश्चगमन हो । मानव जातिले शैशवदेखि किशोर, युवा, प्रौढ हुँदै वृद्धावस्था पार गर्नुपर्छ । पहिलो ईश्वरका रुपमा र त्यसपछि प्रवेश गर्ने उमेर अपरिपक्व, अस्थीर रहने कारणले संरक्षणविहीन किशोर–किशोरी साथीभाइको संगत र पारिवारिक वातावरण प्रतिकूल हुँदा दुर्व्यसनमा फस्न पुग्छन् ।**

**दुर्व्यसनी बन्नुका पछि सम्पन्न पारिवारिक अवस्था, उचित रेखदेख, निगरानीको अभाव र एकल पारिवारिक ढाँचा पनि केही हदसम्म जिम्मेवार हुन सक्छ । सन्तानले कति खर्च गर्दैछ, उसका गतिविधिहरु के–कस्ता छन्, संगत को–को सँग छ र जीवनशैली कस्तो छ त्यसको सूक्ष्म निगरानी अभिभावकको हुनैपर्छ । अझ किशोरावस्थाका सन्तानलाई अभिभावकले प्रत्यक्ष निगरानीमा राख्नु पर्छ । हाम्रो संयुक्त परिवारको ढाँचा एकल बन्दै गएको छ, एउटा वा दुईवटा मात्र सन्तान हुन थालेका छन् जसले न बालबालिकाले नैतिक शिक्षा प्राप्त गर्न पाउँछन् न त शारीरिक श्रम नै गर्नुपर्छ । यस्तो बेला आमा–बाबु नै आयआर्जनका लागि वैदेशिक रोगजारीमा जाने प्रवृत्ति बढ्दै गएपछि परिवार मात्र होइन देशकै भविष्य अनिश्चित हुनु स्वभाविक नै हो । यही भएको हुनसक्छ अहिले दुर्व्यसन रोक्न प्रहरीले सञ्चालन गरेको अभियानमा किशोर तथा युवाहरु बढी प्रक्राउ पर्न थालेका छन् । यो संख्या दिनहुँ बढ्दै गएको छ, लागूऔषधको अवैध आयात पनि अनियन्त्रित हुँदै जाँदैछ ।**

**नेपाल–भारतको खुल्ला सीमानाले यस्ता अवैध वस्तुको आयात–निर्यात चाहेर पनि नियन्त्रण गर्न सक्दैन । दिनहुँजसो लागूऔषध बरामद गरिन्छ, व्यक्ति प्रक्राउ पर्छन्, छुट्छन् र फेरि पक्राउ पर्छन् । यस्तो अवस्थाले हाम्रा जनशक्ति कमजोर हुने, स्वास्थ्य लगायत पारिवारिक प्रेम, सद्भाव, सहिष्णुता र सहयोगी भावना हराउने निश्चित छ । त्यसैले आमा बाबुले 'धन, ऐश्वर्य र विलाशी जीवनको साटोमा स्वस्थ, संस्कारयुक्त, सभ्य, चरित्रवान सन्तानको चाहना राख्नु पर्दछ । यसका लागि आमाबाबुको भूमिका महत्वपूर्ण हुनुपर्दछ । सन्तानको असीमित आवश्यकता पूरा गर्नुको साटो उनीहरुलाई सृजनात्मक बनाउन प्रयत्न गर्नुपर्छ । आजका बालबालिकाहरु नै देशका भोलि हुन् भन्ने सत्यलाई आत्मसात गर्दै राज्य र उसका अङ्गहरुको प्राथमिकता पनि त्यसमै केन्द्रीत हुनुपर्दछ । त्यसो नभए हामी लागूऔषधको कारोबारीमा सीमित हुन पुग्नेछौं । परिणाममा हामी सबैको भविष्य निष्पट्ट अँध्यारो हुने निश्चित छ ।**

# पोलिटब्युरोमा प्रस्तुत दुई अध्यक्षका अवधारणा



**चिन्तामणि दाहाल**

**थालनी :**

पंक्तिकारले केही समयदेखि नेकपाको अन्तरसंघर्ष, त्यसमा नेताहरुले अभिव्यक्त गरेका धारणा तथा आफ्नो केही अनुभवलाई जोडेर विश्लेषणात्मक कुराहरु लेख्दै आएको छ । यसै प्रसंगमा यसपटक २०७७ साल मंसीर २१ गते आइतबार पार्टी कार्यालय धुम्बाराहीमा बसेको सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी नेकपाको पोलिट ब्युरो (स्थायी समिति)मा प्रस्तुत दुई अध्यक्षका अवधारणालाई शीर्षक दिएर विश्लेषण गर्ने जमर्को गरिएको छ ।

त्यस पोलिटब्युरो बैठकमा दुईवटा अवधारणा प्रस्तुत भए भन्ने कुरा बाहिर आएको छ । एउटा अवधारणा पार्टीका पहिला अध्यक्ष कमरेड केपी शर्मा ओलीको र अर्को कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको । प्रचण्डको अध्यक्षतमा बसेको बैठकमा पहिला अध्यक्ष ओली सशरीर उपस्थित नभए पनि उनको अवधारणापत्र पार्टीकै सदस्य ईश्वर पोखरेलले वाचन गरेर सुनाए । उनको लिखितपत्र पेश भएकोले त्यही पत्रलाई उनको बैठकमा उपस्थिति मानेर सुनाइएको त्यो पत्र सार्वजनिक पनि गरियो ।

दोश्रो अवधारणा बैठककै अध्यक्षता गरिरहेका प्रचण्डले मौखिक रुपमै राखे । उनको अवधारणा बाहिर आयो । तर, त्यो जस्ताको त्यस्तै हो वा केही मिलाइएको छ, त्यो थाहा नभए पनि बाहिर आएको अवधारणा यो आलेख तयार पार्दासम्म गलत हो नभनिएकोले अहिले त्यही अवधारणालाई विश्वास गर्नुपर्ला ।

**ओलीको अवधारणाको सकारात्मक सार :**

स्थायी कमिटीका सदस्यहरुलाई सम्बोधन गरी लेखेको आफ्नो दुई पृष्ठको पत्रमा ओलीले भनेका छन्- प्रचण्ड कमरेडले पेश गरेको प्रतिवेदन राजनीतिक होइन । त्यो अभियोग पत्र मात्र हो । त्यसलाई बैठकको एजेण्डा बनाउनुहुन्न । पार्टीलाई विभाजनको डिलमा पुऱ्याएको त्यस्तो संगीन आरोप-पत्रका बारेमा छलफल हुने बैठकमा उपस्थित हुन सक्दिन । त्यो फिर्ता लिनुपर्छ । एकीकृत हुँदाका खेलका नियमलाई अहिले केही कमरेडहरुले बदलेका छन् । सत्तामोहका कारण यस्तो भएको हो ।

मैले आउँदो महाधिवेशनमा अध्यक्ष पनि हुन्न र आउँदो आम निर्वाचनमा निर्वाचनमा पनि उठदिन भनेर पटक-पटक मौखिक र लिखितरुपमै भनिसकेको छु । महाधिवेशन चाँडै गर्नतिर नलागि त्यसअघि नै मलाई हटाउन खोजिएकोले मैले नमानेको हो मान्दिन पनि । तर, अहिलेको संकटले निकास पाओस् भन्ने मेरो सकारात्मक धारणा छ । स्थायी समितिका सदस्य कमरेडहरुको सामुहिक विवेकमाथि विश्वास छ । गत भदौ २६ गतेको स्थायी कमिटीको बैठकमा कमरेडहरुले अहिले जस्तै संकटबाट पार्टीलाई सकुशल अवतरण गराउनुभएको थियो । आशा छ, कमरेडहरुले यसपटक पनि व्यक्ति विशेषका स्वार्थका लागि आन्दोलन कै शिकार हुने गरी सिर्जना भएको बर्तमान संकटपूर्ण अवस्थालाई आफ्नो सक्रिय पहलकदमीबाट सकारात्मक हस्तक्षेप र विवेकबाट निकास दिनु हुनेछ ।

**प्रचण्डको अवधारणाको सकारात्मक अंश :**

प्रचण्डले बैठकको अध्यक्षता गर्दै विभिन्न कुराहरु राखे । प्रचण्डका केही भनाई हेरौं । उनले भने- आफूले पेश गरेको प्रस्ताव फिर्ता लिन्न बरु ७८ पृष्ठको जवाफ लेख्न तयार छु । ओलीजीले फायरिङ खोलेपछि हामीले पनि जवाफी फायरिङ खोल्दा अहिलेको परिस्थिति आएको हो । बैठकको लागि पत्र लेखेको थियो, तर ओलीजी सार्वजनिकरुपमा उत्रनु भयो ।

गणतान्त्रिक प्रणाली र पार्टी एकतालाई संस्थागत बनाउन व्यक्ति र पद ठूलो कुरा होइन । हामी छँदै नेकपाको नेतृत्वमा नयाँ पुस्ता ल्याउन म पनि अध्यक्ष छोड्न तयार छु । मैले मेरो ठीक र ओलीजीको बेठीक भनेको होइन । दुबै जनाको पत्रबारे छलफल गरौं । स्थायी कमिटीमा एउटा निष्कर्षमा पुग्न सक्छ र नयाँ प्रस्ताव बनेपछि त्यसले स्वतः दुबै प्रस्तावलाई विस्थापन गर्छ । त्यहाँ नभए केन्द्रीय कमिटिमा जाउँला । त्यहाँबाट पनि नभए महाधिवेशनमा जाउँला ।

> अब यी संयमित विचारलाई विहंगम छलफल गरेर सदस्य कमरेड र तल्ला तहका कमरेडहरुले पनि विवेकपूर्ण विचार व्यक्त गर्दै दुबै अध्यक्षले पार्टीलाई विधान र पद्धतिमा चलाउनुपर्छ र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनताका लागि काम गर्नुपर्छ भन्ने पक्षलाई शीरमा राखेर निचोडमा पुग्न कोशिस भए पार्टी फुटी हाल्ने अवस्थामा जाँदैन ।

**दुई जनाको एउटै कुरा :**

ओली र प्रचण्ड दुबैको अस्तित्व एक रहनुमा छ भन्ने दुबैले बुझेका छैनन् भन्ने पंक्तिकारलाई विश्वास लाग्दैन । मिलेकै कारण अहिले नेपालमा, कम्युनिष्ट नामधारी सरकार ओलीको नेतृत्वमा छ । छुट्टिने बित्तिकै कम्युनिष्ट सरकार रहँदैन । यो पनि दुबैले बुझेकै छ । त्यसैगरी दुबै जना पार्टी फुटको अपजस पनि लिन चाहँदैनन् । त्यसैले पहिले तँ पहिले तँ को कुटनीतिको सहारामा अहिले नेकपामा अन्तरसंघर्ष चलिरहेको छ र यो पुटको दिशातिर उन्मुख छ ।


**अब छलफल :**

देशबाट प्रकाशित भएका केही पत्र पत्रिकामा दुई अध्यक्षका अवधारणाका आधारमा भनेका छन्- ओली रक्षात्मक बन्दै जान थाले, प्रचण्ड नेपाल पक्ष आक्रामक बन्दै गए । तर, पंक्तिकारको विचारमा दुई अध्यक्षका अवधारणामा सकारात्मक कुरा खोज्न सकिन्छ । ओलीजी बैठकमै उपस्थित हुन्न भन्दै पत्र पठाएर घुमाउरो पारामा बैठकमा उपस्थित भए । कमिटीका सदस्यहरुले विवेकपूर्ण ढंगले पार्टीको एकतालाई जोगाउन गरेको निकासमा आफ्नो मञ्जुरी छ । पहिले पनि एउटा निकास दिएर पार्टीको एकता बचाएकै हो । अब पनि बचाउने आशा छ ।

प्रचण्डले दुबैका अबधारणा पत्रलाई औपचारिक एजेण्डा बनाएनन् । तर, छलफल पनि गराए र आफ्ना कुरा पनि राखे । त्यसमा उनले भने मेरो ठीक ओलीजीको बेठीक भनेको होइन । दुबै पत्रमा छलफल गरौं । एउटा निकास निकालौं । स्थायी समितिमा नयाँ प्रस्ताव बनेपछि दुबैलाई नयाँ प्रस्तावले विस्थापन गर्छ । भएन केन्द्रीय कमिटी र त्यहाँ पनि नभए महाधिवेशनसम्म जाऔं । आफू पनि नयाँ पुस्तालाई नेतृत्वमा ल्याउन अध्यक्ष छोड्न तयार छु ।

दुबै अध्यक्षका यी संयमित विचार हुन् । अब यी संयमित विचारलाई विहंगम छलफल गरेर सदस्य कमरेड र तल्ला तहका कमरेडहरुले पनि विवेकपूर्ण विचार व्यक्त गर्दै दुबै अध्यक्षले पार्टीलाई विधान र पद्धतिमा चलाउनुपर्छ र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनताका लागि काम गर्नुपर्छ भन्ने पक्षलाई शीरमा राखेर निचोडमा पुग्न कोशिस भए पार्टी फुटी हाल्ने अवस्थामा जाँदैन । होइन विचारभन्दा स्वार्थ हाबी हुन दिने हो भने भीबाट लड्ने गोरुलाई राम राम भन्न सकिन्छ काँध थाप्न सकिन्न । आगे कमरेडहरुकै हातमा ।

# उत्तरी 'सदाशयता'माथि धेरैको प्रश्न



**मोहन सिंह**

सन् २०१४ को अगस्त महिनाको पहिलो साता छिमेकी राष्ट्रका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण अनि एक समय गृहयुद्धले ग्रस्त मुलुकको एउटा नयाँ र प्रगतिशील संविधान तयार पार्ने संविधान सभालाई सम्बोधन गर्ने उनी पहिलो अन्तर्राष्ट्रिय नेता बने पछिदेखि यता हाम्रा नदीहरूमा धेरै पानी बगेर गइसकेका छन् ।


यद्यपि मोदीको भ्रमणपछि दुई देशबीचको शताब्दीऔं लामो अनि ऐतिहासिकता बाँचेको द्विपक्षीय सम्बन्ध उच्चतर बिन्दुमा पुग्ने जुन अपेक्षा गरिएको थियो, विगत ६ वर्षको घटनाक्रमको विकास हेर्दा त्यो उँधोमुन्टो बनेर भुइँमा ठोक्किन पुगेको मात्र छ । तथापि, शीर्ष भारतीय अधिकारीहरू, जस्तैः रअ -का निर्देशक सामन्तकुमार गोयल, भारतीय सेना प्रमुख जेनरल मुकुन्द नरवणे अनि भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृङ्गलाको हालैको नेपाल भ्रमण अनि उनीहरूले यहाँ पाएको न्यानो आतिथ्यले द्विपक्षीय सम्बन्धमा नयाँ थालनीको सन्देश प्रवाहित गर्दैछ । घटनाक्रमको यो विकासले चीनलाई निश्चय नै मुरस्काउने कुनै कारण प्रदान गर्दैन ।

२९ नोभेम्बरको दिन चिनीया रक्षामन्त्री वेई फेङको २१ सदस्यीय जम्बो प्रतिनिधिमण्डलको फगत १२ घण्टाभन्दा थोर समयको भ्रमण नै यस कुराको स्पष्ट संकेत हो कि हाम्रो उत्तरी छिमेकको सत्ता प्रतिष्ठानमा बस्नेहरूले बुझ्न थालिसकेका छन् कि नेपाल-भारत सम्बन्धको पवित्रतालाई केही समयका लागि दूषित पार्न सकिन्छ, तर यसलाई क्षतिग्रस्त बनाउन सकिँदैन ।

'जति चाँडो बुझ्यो उति राम्रो' भन्ने भनाइ जस्तै चीनले यो कुरा चाँडै बुझेको राम्रो कि नेपाल-भारतको द्विपक्षीय सम्बन्ध सगरमाथा र गंगा झैं पुरानो छ, अनि संसारको कुनै पनि शक्तिले यसलाई मेट्न वा भत्काउन सक्दैन । यसको आधार हाम्रा पुर्खाहरूले खड़ा गरेर गएका छन् । नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धलाई घनिष्ठ अनि विश्वमै एक विश्वसनीय सम्बन्धको रूपमा दऱ्याउन सैकडौं वर्ष अनि थुप्रै बलिदान लागेको छ । बुद्ध अनि रामको भूमिमाझ असंख्य अपरिभाषित साझा हितहरू विद्यमान रहेका छन् ।

हतारमा सम्पन्न गरिएको चिनीया रक्षामन्त्रीको नेपाल भ्रमण यस्तो समयमा आयोजना भयो, जतिखेर भारतका विदेश सचिव हर्षवर्द्धन श्रृङ्गला नेपाल भ्रमणमा थिए । आफ्नो दुई दिने नेपाल भ्रमणमा श्रृङ्गलाले नेपाल र भारत दुई घनिष्ठतम् मित्र रहेको अनि दुई देशले उक्त सम्बन्धलाई अझ सुरिलो बनाउन मिलेर काम गर्ने कुरा दोहोऱ्याए । नेपालमा आगमनपछि भारतीय विदेश सचिवले नेपाली भाषामै सम्बोधन गर्दै भने- 'गोर्खामा भारतको विकास सहयोगको रूपमा ५० हजार घर बनाउने प्रधानमन्त्री नरेन्द्र मोदीको प्रतिबद्धता कायमै रहेको छ ।' ४० हजार घरहरू बनिइसकेका छन् । भारतले तीनवटा स्कूलहरूको पुनर्निर्माण अनि एउटा गुम्पाको पुरुद्धार कार्य पनि सम्पन्न गरिसकेको छ ।'

यी विकास परियोजनाहरू, नेपालको चतुर्दिक विकासमा भारतको भूमिकाको सन्दर्भमा केवल हिमशैल ( आइसबर्ग)-का टुप्पाहरू हुन्, विदेश सचिवले रेखाङ्कित गर्दै भने । हरेक कुरामा भारतको निन्दामात्र गर्नेहरूले पनि नेपालको प्रगतिमा घनिष्ठ छिमेकीको रूपमा भारतको भूमिकालाई अस्वीकार गर्न सक्दैन । चीनले यहाँका विकास परियोजनाहरूमा पैसा हालेर आफ्नो 'सदाशयता' प्रमाणित गर्ने स्वाङ र छट्पटीमा मात्र प्रदर्शित गरिरहेको छ । यसको सट्टामा, यो कम्युनिष्ट मुलुक चाहन्छ- नेपालीहरूले मोटो धन फिर्ता गरून्, यद्यपि पैसाको अर्थमा होइन- जसले अन्ततः केवल भारतसित मात्र होइन, तर अन्य महाशक्ति एवं विकसित मुलुकहरूसित पनि हाम्रो सम्बन्ध अमिल्याउनेछ । सञ्चारमाध्यमहरूका अनुसार, प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौंमा भारतीय विदेश सचिवसँगको कुराकानीमा आफ्ना भारतीय समकक्षीलाई भारतसित घनिष्ठतम् अनि सर्वोत्तम सम्बन्धलाई निरन्तरता दिन हिमाली राष्ट्र प्रस्तुत रहेको सन्देश प्रेषित गरे । ओलीले आफू वर्तमान परिप्रेक्ष्यमा द्विपक्षीय सम्बन्ध पुनर्परिभाषित भएको हेर्न इच्छुक रहेको पनि बताए ।



नेपाल-भारत सम्बन्ध नयाँ उचाइतर्फ

विगत अगस्त, २०१४ -मा आफ्नो नेपाल भ्रमणताका नेपालको संविधानसभालाई सम्बोधन गर्दै मोदीले स्पष्ट पारेका थिए- भारत हस्तक्षेप गर्नमा विश्वास गर्दैन तथा भारतले नेपाललाई केवल समर्थन अनि नेपालको विकास हिमाल झैं उच्चतामा पुगेको हेर्नमा विश्वास गर्दछ । धेरै कुराहरूमा समानता रहँदारहँदै अनि थुप्रै विषयहरूलाई सम्हाल्नुपर्ने हुँदा अन्तर्राष्ट्रिय सम्बन्धहरूमा कहिलेकाहीँ जटिलताहरू आउने गर्दछन् । वर्तमान समयमा यी दुई देश मधुरतम् सम्बन्धमा छन् भनेर दाबी गर्नु पनि सिकौरेपना अनि मूर्खतापूर्ण नै हुनेछ । क्षेत्रमा आफ्नो तागत देखाउने उद्देश्यले अरूको सम्बन्धमा हात घुसार्ने केही शक्तिहरूको कारण वास्तवमा भन्ने हो भने यी दुई देशबीचको सम्बन्ध केही काँढ़े भएको पक्का हो ।

यी दुई देशबीच सीमा विवाद नै परस्पर असहमतिको प्रमुख कारण हो, जसलाई बहस र छलफल मार्फत् सल्ट्याउन सकिन्छ । तर, निहित स्वार्थ बोक्नेहरूको लहलहैमा जानुको सट्टा यसका लागि एकअर्कासित कुराकानी गर्ने मनस्थितिमा हुनु अत्यन्त आवश्यक छ । हाम्रा छिमेकीविरुद्ध नमिठो शब्द प्रहार हुँदाहुँदै पनि यस महान एशियाली शक्तिराष्ट्रले लिएका पहल र भारतीय अधिकृतहरूको एकपछि अर्को लगातार भ्रमणले भारत दुईपक्षीय सम्बन्धलाई सुधार्ने कुन सीमासम्म अघि बढ़ेको छ भन्ने कुरा घनीभूत रूपमा स्पष्ट हुन्छ । विस्तारित नेपाली समाजले देशको आत्मगौरव र सम्मानलाई सदा उच्च राख्दै पनि भारतसित घनिष्ठ अनि स्वस्थ सम्बन्ध कायम राख्नुको आवश्यकतालाई बुझ्दछ ।

यहाँ केही अदूरदर्शी राजनीतिज्ञहरूसित पूरा गर्नलाई आफ्ना निहित स्वार्थहरू मात्र छन् । अतः उनीहरू चतुरतापूर्वक आफ्ना तर्कहरू राख्दछन्, जुन धेरैका लागि आकर्षक प्रतीत हुन्छ । यसो गरेर उनीहरू छोटो समयका लागि अन्तर्राष्ट्रिय प्रचार पाउन सफल हुनसक्छन्, तर दीर्घकालमा उनीहरू प्रत्युत्पादक र देशका लागि महँगा प्रमाणित नै हुन्छन् । थपमा, अधिसंख्यक साधारण मानिस तथा राजनीतिक शक्तिहरूले यस कुरालाई महशुस गरिसकेका छन् अनि उनीहरू नेपाल बलिको बोको भएको चाहँदैनन् । नेपालको नीतिगत दृष्टिकोणमा परिवर्तन नआई तीनजना भारतीय अधिकृतहरूको भ्रमण सम्भव थिएन । हाम्रो दृष्टिकोणमा आएको यो परिवर्तनले पनि बताउँछ कि कसरी सामान्य अर्थमा भारतको विदेश नीति अनि विशेष अर्थमा उसको नेपाल सम्बन्धी नीति सही दिशा पछ्याएर अघि बढिरहेको छ । धेरैले अझै चिनीया रक्षामन्त्रीको २१ सदस्यीय प्रतिनिधि मण्डलसहितको नेपाल भ्रमणको समयकालमा तीन जना भारतीय अधिकृतहरूको भ्रमणको प्रभावबारे प्रश्न गरिरहेका छन् ।

चिनीया रक्षामन्त्रीले सञ्चारकर्मीहरूसँगको आफ्नो छोटो अन्तरक्रियामा उनको भ्रमणले चीन-नेपाल सम्बन्धलाई नयाँ उचाइमा लैजाने बताउँदै उक्त भ्रमणलाई सफल भ्रमणको सज्ञा दिए । यद्यपि, उत्तरी छिमेकीले नेपालको सत्तारूढ़ कम्युनिष्ट पार्टीमा दखलकारी भूमिका खेलिरहेको सञ्चारकर्मीहरूको आलोकमा साधारण नेपाली जनले चिनीया प्रतिनिधि मण्डलको भ्रमणलाई सहजतापूर्वक लिन सकिरहेका छैनन् । प्रजातन्त्र त्यतिखेर पल्लवित हुन्छ, जतिखेर हामी असहमत हुन सहमत हुन्छौं अनि विवेचना र छलफलपछि सहमत हुँदै परस्पर लाभकारी हुने नीतिगत निर्णयमा पुग्छौं ।

नेपाली नेताहरूले अति शीघ्र यो सत्यलाई आत्मसात गरिरहेका छन् कि एक सशक्त र सुदृढ़ राष्ट्रको रूपमा उच्चतामा पुग्नको अर्थ अनिवार्य रूपमै यो होइन कि उनीहरूले भारतसितको सम्बन्धलाई बेवास्ता गरून् वा भारतलाई विरोधी कित्तामा पुऱ्याउन् । यसको विपरीत उनीहरूले एकअर्कालाई अभिनन्दन गर्न सक्छन् अनि तीव्रगतिमा अघि बढ्न सक्छन्, पारस्परिक लाभकारी द्विपक्षीय सम्बन्धबाट शिक्षा लिन सक्छन् । नेपालको सत्ता प्रतिष्ठान निकट रहेका धेरैजनाको विचारमा भारत एवं नेपालका प्रधानमन्त्रीबीचको भेटघाट केवल एउटा समयको कुरा मात्र हो । मोदीको सन् २०१४ को भ्रमणताका निर्धारित सपना र लक्ष्य यी दुई सार्वभौम अनि स्वतन्त्र राष्ट्रहरू खुशहाली र विकासको मार्गमा अग्रसर हुनासाथ हासिल हुनेछन् । यसका लागि मञ्च तयार पारिएको छ ।

यद्यपि बहुमूल्य छ वटा वर्षहरू विवादमा खेर गए, समयसँगै प्रगाढ़ बनेको छिमेकीलाई उपेक्षा गर्दै उत्तरसित नजिकिने हाम्रो कोशिशबाट प्राप्त अनुभवले हामीलाई भविष्यका लागि सही मार्गनिर्देशन नै गर्नेछ । यस धमिलोमा माछा मार्न उद्यत् केही दृश्य वा अदृष्य शक्तिहरूको धोकापूर्ण परिस्थितिमा नीति-निर्माताहरूलाई आफ्नो विधिमा सुधार गर्न यो अनुभवले निरन्तर सजग राख्नेछ ।

*एजेन्सीहरुको सहयोगमा*

# जनप्रदर्शनमा कांग्रेस किन उत्रियो ?



उद्धव थापा

मुलुक लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको एकदशक नाघिसकेको छ । नेपाली कांग्रेसका तत्कालीन सभापति एवं नेपाली राजनीतिका सर्वोच्च कमाण्डर गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सशस्त्र संघर्षरत् नेकपा माओवादीलाई संवादका माध्यमबाट शान्तिपूर्ण राजनीतिमा अवतरण गराएपश्चात नेपाली कांग्रेसकै नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गरेको गौरवपूर्ण इतिहास हामीसँग छ ।

त्यसपश्चात कांग्रेस नेतृत्वकै सरकारले शान्तिपूर्ण रुपमा तीनै तहका निर्वाचन गराएपश्चात स्थानीय तह, प्रदेश र संघीय तहमा जनप्रतिनिधिहरु क्रियाशील छन् । निर्वाचनमा जनताले दिएको म्याण्डेट बमोजिम नेकपा नेतृत्वमा सरकार बनेको छ भने नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी भूमिकामा रहेर जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको छ, गरिरहनेछ ।

निर्वाचनमा बहुमत प्राप्त गरेको कम्युनिष्ट नेतृत्वको वर्तमान सरकारले जनताको चासो, गुनासो सुन्ला र जनसरोकारका विषयहरुको सम्बोधन गर्दै मुलुकको हित र समृद्धिमा कार्य गर्छ भन्ने जनअपेक्षा थियो । संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्दै जनसमस्याको सम्बोधन गर्नुपर्ने मूल दायित्वप्रति उदासिन देखिएको केपी ओली नेतृत्वको वर्तमान सरकार भ्रष्टाचारका काण्डै काण्डमा फसेको छ ।



राष्ट्रवादको खोक्रो नारा लगाएर सत्ताको लुच्छाचुडीमा अल्मलिएको सरकार जनताका समस्याप्रति कति पनि संवेदनशील देखिँदैन । वाइडबडी, न्यारोवडी, बालुवाटार जग्गा प्रकरण, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरण, कोभिड-१९ को परीक्षण र उपचार सामग्री खरिदमा गरेको भ्रष्टाचार र घटनाको छानविन गरेर भ्रष्टाचारीलाई कारवाही गर्नुको सट्टा सरकार नै भ्रष्टाचारको संरक्षकको रुपमा उभिँदा लोकतान्त्रिक व्यवस्थाप्रति नै जनतामा वितृष्णा पैदा भएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले समेत एसियाली रास्ट्रमा सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सुचिमा नेपाललाई देखाएको र त्यो मध्ये पनि ५० प्रतिशत भ्रष्टाचार प्रधानमन्त्री कार्यालयमा नै हुने गरेको तथा प्रधानमन्त्री नै भ्रष्टाचारीको संरक्षक देखाउनु हामी नेपालीको लागि लज्जाको विषय भएको छ । यसले सरकार नीतिगत र आर्थिक भ्रष्टाचारमा फसेको प्रष्ट्याउँछ ।

कोरोना संक्रमणको उपचार नपाएर जनता छटपटाइरहँदा पनि नेकपा नेतृत्वको सरकार भागवण्डामै अल्मलिएको छ । सत्ता र शक्तिको चरम दुरुपयोग गर्दै कार्यकर्ता पोस्न उद्यत छ, देशभर कोरोना संक्रमण फैलिरहँदा त्यसको नियन्त्रण गर्नुको सट्टा जनताका समस्या नसुनी नेतृत्वबीचकै दन्तबझानमा अल्मलिएको छ । शान्तिपूर्ण कार्यक्रममा जान समेत रोक लगाउने, अध्यादेश मार्फत कानून ल्याएर संविधान प्रदत्त कतिपय अधिकारको कटौती गर्ने, लोकतान्त्रिक पद्धतिबाट सरकारमा पुगे पनि त्यस विपरीत कम्युनिष्ट तानाशाही अभ्यास स्वरुप सरकार निरंकुश बन्दै गइरहेको छ ।

नेपाली कांग्रेसले बहुलबादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सम्वर्द्धन, कोभिड-१९ नियन्त्रण, परीक्षण र उपचारमा सरकारले देखाएको उदासिनता, अकर्मण्यता एवं स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितता, भ्रष्टाचारको विरोध, गत मंसीर १७ गते तनहुँ जिल्लामा नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलमाथि सरकारकै निर्देशनमा भएको अभद्र व्यवहार र दमनको विरोध, अविलम्ब संसद बैठक बोलाउन माग गर्दै नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन अनुरुप आगामी मंसीर २९ गते देशभर जनप्रदर्शन गर्ने कार्यक्रम तय गरेको छ ।

यस अन्तर्गत झापामा पनि बृहत र्‍याली सहितको प्रदर्शनमा १५ हजार मोटरसाइकलका साथ जनप्रदर्शन हुने कुरा जानकारी गराउन चाहन्छौं । झापाका सबै स्थानीय तहबाट झापाको सुरुङ्गामा भेला भई मोटरसाइकल र्‍यालीसँगै बिर्तामोड आइपुगेपछि प्रदर्शन कोणसभामा परिणत हुने जानकारी गराउन चाहन्छौं । उक्त कार्यक्रममा ब्यापक सहभागिताका लागि सम्पूर्ण लोकतन्त्रप्रेमी जनसमुदायमा यसै अपिल गर्दछौं ।

*(नेपाली कांग्रेस पार्टीको तर्फबाट सभापति थापाद्वारा जारी विज्ञप्तिको सम्पादित अंश)*

# खरेलद्वारा आमाको स्मृतिमा शिक्षाकोष स्थापना



स्व. नरमाया खरेल

**बिर्तामोड, मंसीर २३।** बिराट-अर्जुन उपभोक्ता सहकारी संस्था लि. बिर्तामोड-४ का अध्यक्ष नवीन खरेलले आफ्नी स्वर्गीय आमा नरमाया खरेलको स्मृतिमा शिक्षाकोष स्थापनाको घोषणा गरेका छन् ।

उनले विराट-अर्जुन उपभोक्ता सहकारी संस्थाको ११औं बार्षिक साधारणसभाको अवसर पारेर संस्थाको मातहतमा रहने गरी ५० हजार रुपैयाँको स्व. नरमाया खरेल शिक्षाकोष स्थापनाको घोषणा गरेका हुन् । बिर्तामोड नगरपालिका वडा नं. ४ आदर्श नमूना टोल निवासी नरमाया खरेलको ७६ वर्षको उमेरमा उपचारका क्रममा गत कात्तिक ४ गते स्वर्गारोहण भएको थियो ।

आफ्नी आमा शैक्षिक, सामाजिक एवम् धार्मिक कार्यमा सक्रिय रहेको र शिक्षाको उज्यालो ज्योतिबाट कोही पनि वञ्चित हुनु नपरोस् भन्ने आमाको सदिक्षा अनुसार स्वर्गीय आमा नरमाया खरेलको स्मृतिमा स्व.नरमाया खरेल शिक्षाकोष स्थापना गरिएको संस्थाका अध्यक्ष खरेलले बताए ।

उक्त शिक्षाकोषको व्याजबाट सरकारी विद्यालयमा अध्ययन गर्ने बिराट-अर्जुन उपभोक्ता सहकारी संस्थामा आवद्ध शेयर सदस्यका छोराछोरी मध्ये पाँच जनालाई प्रत्येक वर्ष शैक्षिक सामग्री प्रदान गर्ने उनले बताए । उनले आफ्ना पिता पाँचथरको याङ्वरक-२ च्याङ्थापुस्थित विष्णु माविका पूर्व प्रधानाध्यापक स्व. यज्ञराज खरेलको स्मृतिमा स्व. यज्ञराज खरेल स्मृति प्रतिष्ठान स्थापना गरेर विष्णु माविमा अध्ययनरत् बिद्यार्थीलाई प्रत्येक वर्ष शैक्षिक सामग्री प्रदान गर्दै आएको जानकारी दिए ।

स्व.नरमाया खरेल शिक्षाकोष सञ्चालनका लागि उषा खरेल संयोजक र बिराट-अर्जुन उपभोक्ता सहकारी संस्थाका दुई जना सदस्य रहने बताउँदै उनले बिराट-अर्जुन उपभोक्ता सहकारी संस्था रहुञ्जेलसम्म स्व. नरमाया खरेल शिक्षाकोष सञ्चालन गरिने र संस्था अन्य सहकारी संस्थामा मर्ज भए शिक्षाकोष स्वतः खारेज हुने जनाए । नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेण्टस् नाटा प्रदेश नम्वर १ का महासचिव रहेका नविन आदर्श ब्याङ्कवेटका सञ्चालक र काउन्सिल ट्राभल्सका म्यानेजिङ डाइरेक्टर हुन् ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## घर बिक्रीमा

बिर्तामोड–५ मा

सम्पर्कः ९८१६९३४०८१

## बिक्रीमा

बिर्तामोडमा चालू अवस्थामा रहेको आकर्षक रेष्टुरेन्ट तु–बिक्रीमा छ ।

सम्पर्कः ९८४०९९५४०४, ९८४४६४५५७५

## कर्मचारी आवश्यकता

पद : बजार प्रतिनिधि
संख्या : केही (महिला/पुरुष)
तलब : संस्थाको नियम अनुसार
स्थानः गरामनी, अर्जुनधारा, बुट्टाबारी, लक्ष्मीपुर, दुर्गापुर, बिर्ताबजार, सैनिक बजार, घैलाडुब्बा ।

सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि

सम्पर्क : ५५०६७६/९८१५०६२२१५

## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चौकमा रहेको अति चालू अवस्थाको कस्मेटिक तथा फेन्सी पसल विक्रीमा छ ।

सम्पर्कः ९८२३६०३५७८

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४


## विराट-अर्जुन उपभोक्ता सहकारी संस्था लि.

### बिर्तामोड–४ झापाको

### निर्वाचन कार्यक्रम सम्बन्धी अत्यन्त जरूरी सूचना

संस्थाको विनियम २०६६ को परिच्छेद-५ को दफा २५ अनुसार अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सम्भव भएसम्म ३३ % महिलासहित सदस्य संख्या ८ गरी जम्मा ११ जनाको सञ्चालक समिति र विनियमको दफा ३२ अनुसार लेखा सुपरिबेक्षण समितिमा संयोजक १ सदस्य २ गरी ३ जनाको समिति आगामी ४ वर्ष कार्यकालका लागि स्वच्छ, निष्पक्ष, विवादरहित, पारदर्शी एवम् प्रजातान्त्रिक ढंगले निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने भएको हुनाले सम्पूर्ण सेयर सदस्यहरुका लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ ।

**निर्वाचन कार्यक्रम**

| क्र.स | विवरण | मिति | देखि | सम्म | स्थान |
|---|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०७७/८/२५ | बिहान १०:०० | ०५:०० बजे | संस्थाको कार्यलय |
| २ | मतदाता नामावली उपर दावी वीरोध | २०७७/८/२५ | बिहान १०:०० | ०२:०० बजे | संस्थाको कार्यलय |
| ३ | मतदाताको अन्तीम नामावली प्रकाशन | २०७७/८/२५ | दिउसो ०४:०० | ०४:३० बजे | संस्थाको कार्यलय |
| ४ | उमेदवारको मनोनयन दर्ता | २०७७/९/०२ | बिहान १०:०० | ०२:०० बजे | संस्थाको कार्यलय |
| ५ | उमेदवारको नामावली प्रकाशन | २०७७/९/०२ | दिउसो ०२:३० | ०३:०० बजे | संस्थाको कार्यलय |
| ६ | उमेदवार उपर दावी बिरोध | २०७७/९/०२ | दिउसो ०३:३० | ०४:०० बजे | संस्थाको कार्यलय |
| ७ | दावि बिरोध पछि नामावली प्रकाशन | २०७७/९/०२ | दिउसो ०४:०० | ०४:३० बजे | संस्थाको कार्यलय |
| ८ | उमेदवारको मनोनयन फिर्ता | २०७७/९/०५ | बिहान १०:०० | १२:०० बजे | संस्थाको कार्यलय |
| ९ | अन्तिम नामावली प्रकाशन | २०७७/९/०५ | दिउसो ०१:३० | ०३:०० बजे | संस्थाको कार्यलय |

१०. मतदान-पछि सुचना प्रकाशन गर्ने ।
११. मतगणना- पछि सुचना प्रकाशन गर्ने ।
१२. परिणाम घोषणा - पछि सुचना प्रकाशन गर्ने ।
१३. स्थान आदर्श व्याङ्क्वेट बिर्तामोड-४ झापा

**निर्वाचन समिति**


## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

### रबिन आयुर्वेदिक फार्मेसी

अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३–५४१०१०, ९८५२६७३१२१


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय

## कन्काई सिंचाई व्यवस्थापन कार्यालय



प्रदेश नं. १, झापा

### अत्यन्त जरूरी सूचना

*सूचना प्रकाशित मिति २०७७/०८/२४*

यस कन्काई सिंचाइ प्रणालीको मुल तथा शाखा नहरमा पानी संचालनका लागी बनाइएको नहर प्रणालीको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोबास गरेको, बालीनाली, बोटबिरुवा, तरकारीबारी, दलहन तथा परालको माच आदि लगाएको र नहरको डिलमा गाई भैंसी, बाख्रा जस्ता जनावर राखेकोले नहरको डिल भत्काई पानी सञ्चालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण, भई पानी सञ्चालन गर्न साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा कठिनाई भएको र कृषकको खेतमा पानी सञ्चालन गर्न कठिन भएकोले नहरको सिमानाभित्र रहेको त्यस्ता घर, टहरा, माच, गोठ बालीनाली आदि हटाउन ३५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र त्यस्ता संरचनाहरु हटाउन र गाईवस्तु बाध्न पूर्णरुपमा रोक लगाइएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराइन्छ । साथै यस सूचनालाई अटेर गरी समयभित्रमा नहटाएमा कानून बमोजिम हटाइने र ती संरचनाहरु कार्यालयले हटाउन परेमा सो कार्यमा लाग्ने खर्च र हर्जाना असुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफदेही समेत सरोकारवाला आफैं हुने व्यहोरा जानकारी गराइन्छ ।

**अध्यक्ष**
**कन्काई नहर जल उपभोक्ता संस्था**
**शिवशताक्षी–५, झापा**

**कार्यालय प्रमुख**
**कन्काई सिंचाइ**
**व्यवस्थापन कार्यालय**


## जाँड रक्सी सजिलोसँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ । *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*

*दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।*

### फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा

शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोनः ९८४२६४३६१८/९८०७९९४८८०)

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)


**हाम्रा विशेषता :**
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने ।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने ।
४) दक्ष नभए पुनः रि–क्लास गरी दक्ष बनाइने ।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने ।
*नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ ।*

### Asian Hotel Training Center

पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

### बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड–४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

### स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्ना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ । अवसरका लागि विवादास्पद जिम्मेवारी बहन गर्नुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ । तापनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिगो कामको योजना बन्न सक्छ । सानो प्रयत्नले सामाजिक कार्य शुभारम्भ हुनेछ । रोकिएका काम दोहो¥याउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मेहनत गर्दा कीर्तिमानी काम बन्नेछ । मेहनतका साथै काम बनाउन केही समय लाग्नेछ । आफ्नो वस्तुमा अरूले दाबी गर्न सक्छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अवसरका लागि केही विवादास्पद जिम्मेवारी बहन गर्नुपर्ला । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पु¥याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** चिताएको काम रोकिनाले दोहो¥याएर प्रयत्न गर्नुपर्ला । मनमा अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काममा प्रवृत्त भइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सहयोगीहरू भने पछि हट्नेछन् । दौडधुपमै समय बित्नेछ भने आँटेको काम स्थगित हुन सक्छ । यात्रामा कष्ट होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनत गरिकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । विवादले समस्या निम्त्याउन सक्छ । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । मनोरञ्जनमा अलमलिँदा लक्ष्य प्राप्त गर्न पछि परिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ । तापनि रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । विशेष उपहार प्राप्त हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ ।